आर्थिक वर्ष : २०८०/८१
बैठक संख्या :१४

आज मिति २०८१/०१/०७ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोख्रेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोख्रेल प्रशासन शाखा प्रमुख
श्री बलराम पौडेल लेखा अधिकृत
श्री लोकनाथ पौडेल कार्यालय सहयोगी

CamScanner

(मिति २०८१/०१/०७)

प्रस्ताव नं १ .दलित आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

निर्णय नं. १

विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक योजना तथा कार्यक्रममा समावेश दलित आयआर्जन कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताको लागत साझेदारी पच्चीस प्रतिशत तथा गाउँपालिका कार्यालयको योगदान पचहत्तर प्रतिशत रहने गरी गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

प्रस्ताव नं २ .सडक लगतकट्टा सम्बन्धमा।

निर्णय नं. २

विरुवा गाउँपालिका क्षेत्रभित्र निर्माण भएका सडकहरुको लगतकट्टा गर्ने प्रयोजनका लागि गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयद्धारा आ.व. २०८०/८१ मा विनियोजित रकमबाट विरुवा गाउँपालिका भित्रका तपसिल सडकहरुको लगतकट्टा गर्ने निर्णय सर्वसम्मतिले गरियो।

तपसिल :

- ज्याग्दी करिडोर
- वेलघारी मेथाभुरुङ्ग सपाउँदे सडक

प्रस्ताव नं ३ .राङभाङ स्वास्थ्य चौकीको जग्गा दा.खा. गर्दाको खर्च व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ३

विरुवा गाउँपालिका वडा नं. ३ राङभाङ स्थित राङभाङ स्वास्थ्य चौकी निर्माणका लागि विरुवा गाउँपालिका कार्यालयबाट निशुल्क जग्गा प्राप्तीका लागि अनुरोध भएबमोजिम नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको मिति २०८०/११/१५ को मन्त्रीस्तरीय निर्णय अनुसार स्याङ्जा जिल्ला साविक राङभाङ गा.वि.स. वडा नं. ५ हाल विरुवा गा.पा. वडा नं. ३ बस्ने नवराज थापाको नाममा रहेको कित्ता नं. २०२ को २-१५-०-१ क्षेत्रफलको जग्गा विरुवा गाउँपालिका स्याङ्जाको नाममा लिखत दानपत्र पारित गराउँदा नियमानुसार लागेको राजश्व र प्रशासनीक खर्च वापतको एकमुष्ठ रकम रु १,००,३२५/- सेवा परामर्श खर्च शिर्षकबाट विरुवा गाउँपालिका कार्यालयमा कार्यरत प्रशासन सहायक श्री खुम बहादुर थापालाई शोधभर्ना दिने निर्णय सर्वसम्मतिले गरियो।

प्रस्ताव नं ४ .चिन्नेवास अस्पताल (डाक्टर क्वाटर) भवनको अन्तिम विल भुक्तानी सम्बन्धमा।

निर्णय नं. ४

विरुवा गाउँपालिका वडा नं. ६ चिन्नेवास स्थित चिन्नेवास अस्पताल (डाक्टर क्वाटर) भवन NCB/BRM/WORKS/008/2079-80 निर्माणका लागि होराईजन बिल्डर्स प्रा.लि. संग मिति २०७९/११/१४ मा रु ९१,०६,१२६.२/- (with VAT & PS) मा निर्माण सम्झौता भएकोमा

CamScanner

निर्माण कम्पनीले कार्यसम्पन्न भएको भनी कार्यालयमा अन्तिम भुक्तानीका लागि बिल पेश गरेकोमा प्राविधिक शाखाबाट तयार भएको अन्तिम मुल्याङ्कनमा कुल मुल्याङ्कन रकम रु ७३,०४,६४९/- (with VAT & PS) कायम भएको जुन कुल सम्झौता रकमको ८०.२२ प्रतिशत हुन आएको तथा उक्त भवन निर्माण सम्बन्धमा प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदनमा उक्त भवनका लागि आवश्यक आधारभूत भौतिक संरचनाहरुको निर्माण भएकोले उदेश्यअनुरुप उक्त भवन प्रयोग गर्न सकिने तथा भवनको प्राविधिक मुल्याङ्कन कम आउनुको पछाडी उक्त भवनको लागत अनुमानमा रहेको भवन भित्र तथा बाहिरका आधारभूत संरचना भन्दा बाहेकका भवनलाई थप सजावट र आकर्षक बनाउनका निम्ती राखिएका डिजाईन अन्तर्गतका कार्यहरु नभएको उल्लेख भएको साथै गाउँपालिका स्तरीय अनुगमन समितिबाट समेत उक्त भवनको अनुगमन भई उक्त भवनमा आवश्यक आधारभूत भौतिक संरचनाहरुको निर्माण भएकोले उदेश्यअनुरुप प्रयोग गर्न सकिने अवस्था देखीएको व्यहोराको अनुगमन प्रतिवेदन पेश भएकोले उक्त भवनका आधारभूत संरचनाहरु निर्माण भएको, उदेश्यअनुरुप प्रयोग गर्न सकिने कार्यपालिकाले ठहर गरी भुक्तानी गर्दा गाउँपालिकालाई कुनै प्रकारको हानी नोक्सानी नहुने देखिएकोले उक्त निर्माण कार्यको प्राविधिक मुल्याङ्कन बमोजिमको रकम भुक्तानीको लागि कार्यालय समक्ष सिफारिस गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**<u>प्रस्ताव नं</u>. ५. खेल शिक्षक (रेफ्री) तालिमको खाजा तथा स्टेशनरी खर्च व्यवस्थापन तथा अनुमोदन सम्बन्धमा।**

**निर्णय नं. ५**

विरुवा गाउँपालिका कार्यालय र नेपाल खेलकुद विज्ञान प्रतिष्ठान आयोजनामा विरुवा गाउँपालिका वडा नं. ८ मेथाभुरुङ्गस्थित पुष्पमदन खेलमैदानमा संचालन भएको १५ दिने खेल शिक्षक तालिममा सहभागीहरुको खाजा र स्टेशनरी बापत खर्च व्यवस्थापन गर्ने जै बहादुर गुरुङलाई एकमुष्ठ खर्च रकम रु ७१,२४०/- कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मतिले गरियो।

**<u>प्रस्ताव नं</u> .६. आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम निर्माणका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस सम्बन्धमा।**

**निर्णय नं. ६**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम निर्माणका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले कार्यपालिका समक्ष सिफारिस गरेको स्रोत अनुमान तथा बजेट सिमा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**<u>प्रस्ताव नं .७</u> कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमा।**

**<u>निर्णय नं. ७</u>**

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको विज्ञापन नं. ७०१८/२०८०-८१(समावेशी/दलित) च. नं. ६०, मिति २०८०/१२/१५ को सिफारिस पत्र अनुसार स्थानीय

सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६ बमोजिम विरुवा गाउँपालिका कार्यालयको मिति २०८०/१२/२० गतेको निर्णयअनुसार सोही मितिबाट लागु हुनेगरी स्थानीय कृषि सेवा, सातौं तह कृषि अधिकृत पदमा स्थायी नियुक्ति हुनुभएका छत्रदेव गाउँपालिका वडा नं. ५ अर्घाखाँची स्थायी ठेगाना भएका सन्तोष बि.क. को नियुक्तिलाई अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं .८** खानेपानी मूल दर्ताका लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

**निर्णय नं. ८**

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निवेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिलः

- कालीकोथान (चिसापानी खोल्सा) विरौटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा २, कालीको थान (चिसापानी खोल्सा) खानेपानी मूल

**प्रस्ताव नं. ९.** विविध ।

निर्णय नं. ९

क. विरुवा गाउँपालिका र रुम टु रिडसंगको साझेदारीमा संचालित साक्षरता कार्यक्रमका लागि विनियोजित बजेटले सम्झौता अनुरुपको कार्यक्रम संचालन गर्नका लागि अपुग भएकोले फर्निचर तथा फिक्चर्स खर्च शिर्षकबाट रु एक लाख रकम रुम टु रिडसंगको साक्षरता साझेदारी कार्यक्रममा थप गर्ने निर्णय गरियो ।

ख. विरुवा गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयद्धारा आयोजना गरिने कुनै पनि औपचारिक कार्यक्रमहरुमा खादाको प्रयोगलाई रोक लगाउने तथा यदि विशेष परिस्थितिमा खादाको प्रयोग गर्नैपर्ने अवश्था भएमा विरुवा गाउँपालिकाभित्र उत्पादित खादा प्रयोग गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

ग. प्राविधिक शिक्षालाई प्रोत्साहन गर्ने उदेश्यले विरुवा गाउँपालिका वडा नं. ८ स्थित भुरुङचौकी प्राविधिक विद्यालयमा संचालित प्राविधिक धारतर्फको १८ महिने सिभिल ईन्जिनियरिङको प्रथम ब्याचमा प्रथम हुन सफल विधार्थीको वार्षिक शुल्क गाउँपालिकाबाट पुरस्कार स्वरुप उपलब्ध गराउने गाउँपालिकाको निर्णय बमोजिम भुरुङचौकी माध्यमिक विद्यालयको प्राविधिक धारतर्फको २०७७/७८ मा प्रथम हुन सफल श्री टार्जन गुरुङलाई विद्यालय स्तरीय कार्यक्रम (विषयगत समिति परिचालन तथा पुनर्गठन) खर्च शिर्षकबाट रु ९०,४००/- उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

घ. विरुवा गाउँपालिकाको समन्वय र मिलेनियम ट्रेक व्यवस्थापन समितिको आयोजनामा मिति २०८०/१०/२२ मा पोखरामा भएको समन्वयात्मक बैठकको क्रममा खाजा वापत खर्च भएको एकमुष्ठ रकम रु २४,५००/- विविध खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।

CamScanner